# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१२।२० गते

# प्रेस विज्ञप्ति
### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

----------------------------------------------------------------

महानगरीय दंगा नियन्त्रण प्रहरी गण, त्रिपुरेश्वर दरबन्दी भई ताहाचल स्थित वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालयमा सुरक्षार्थ खटिएका प्रहरी जवान गणेश लोहारले साउदी अरबका लागि श्रम स्विकृती लिने सिलसिलामा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा महानगरीय प्रहरी वृत्त, कालीमाटी बाट खटिएको प्रहरी टोलीले निज प्र.ज. गणेश लोहारलाई रु.१७,०००।- (सत्र हजार) घुसबापतको रकम लिएको अवस्थामा ताहचल स्थित वैदेशिक रोजगार विभागबाट मिति २०७५।१२।१९ गते नियन्त्रणमा लिई अनुसन्धान कारबाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौंबाट मिति २०७५।१२।१९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालमा प्राप्त हुन आएकोले तत्सम्बन्धमा अनुसन्धान कार्य भइरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता